पर्सागढी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरपुर पर्सा

मधेश प्रदेश, नेपाल

पत्र सख्याः-२०८३/८४

मिति २०८३/०६/२७

सूचना! सूचना!! सूचना!!!

श्री सम्बन्धित (सबै)

विषयः- तालिम मनोनयन लागि निवेदन पेश गर्ने सम्वन्धी सार्वजनिक सूचना ।

प्रस्तुत विषयमा पर्सागढी नगरपालिका पर्सामा बाल संरक्षण सुनिश्चित गर्ने कार्यका निम्ति समाज सेवी एक जना र बाल मनोविज्ञ एक जना गरी जम्मा दुई जनालाई १६९६ घण्टाको क्षमता अभिवृद्धि तालिम लिन ईच्छुक यसै सूचना साथ संलग्न तालिम मनोनयन गर्ने आधार योग्यता र शर्तहरुको अधीनमा रही नगर भित्रका योग्य व्यक्तिहरुले आपनो व्यक्तिगत विवरण संलग्न गरी मितिः२०८३/०७/११ गते भित्र पालिकामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

२०८३।६।२७

जंगविजय साह

इन्जिनियर (सातौं)

## तालीमका लागि मनोनयन गर्ने आधार तथा योग्यता र शर्तहरु

१. तालीममा मनोनयन गर्न छनौट गर्ने आधार तथा योग्यता देहाय बमोजिमको प्राथमिकता क्रमानुसार हुनेछः-

(क) सम्बन्धित स्थानीय तहको स्थानीय बाल अधिकार समितिमा सूचीकृत भै स्थानीय तहले नियुक्ति गरेका समाजसेवी तथा बाल मनोविज्ञहरुमध्ये एक जना समाजसेवी र एक जना बाल मनोविज्ञ गरी २ जना वा

(ख) नियुक्त गरेको एक जना मात्र समाजसेवी भएमा सूचीकृत भएको अर्को एक जना बाल मनोविज्ञ गरी २ जना वा

(ग) नियुक्त गरेको एक जना मात्र बाल मनोविज्ञ भएमा सूचीकृत भएको अर्को एक जना समाजसेवी गरी २ जना वा

(घ) हालसम्म समाजसेवी तथा बाल मनोविज्ञ वा समाजसेवी वा बाल मनोविज्ञ सूचीकृत हुन नसकेका स्थानीय तहमा तालीम लिए पश्चात स्थानीय बाल अधिकार समितिमा सूचीकृत तथा नियुक्त भई अनिवार्य रुपमा समाजसेवी वा बाल मनोविज्ञको पदमा रही काम गर्ने प्रतिबद्धता गरेको एक जना समाजसेवी र एक जना बाल मनोविज्ञको रुपमा तालीम लिन, मिति २०८३ साल कात्तिक १६ गते १८ वर्ष उमेर पूरा गरी ४० वर्ष उमेर पूरा नगरेको(साविक केन्द्रीय बाल कल्याण समिति वा परिषद्मा बाल अधिकार अधिकृत वा अधिकृतस्तर पदमा कार्यरत तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको हकमा लागू नहुने)व्यक्तिलाई सम्बन्धित स्थानीय तहको सिफारिसमा बालबालिका सम्बन्धी नियमावली, २०७८ नियम ८३ को उपनियम (२) बमोजिम हुने गरी देहाय बमोजिमको योग्यता भएकोलाई मनोनयन गर्नु पर्नेछः-

१. नेपाली नागरिक,

२. नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको,

३. असल चरित्र भएको,

४. समाजसेवीको रुपमा तालीममा मनोनयन हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको भए सोलाई प्राथमिकता दिई मनोनयन गर्नु पर्ने र त्यस्तो नभएमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको,

५ बाल मनोविज्ञको रुपमा तालीममा मनोनयन हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोवैज्ञानिक विषयमा स्नातक गरेको भए सोलाई प्राथमिकता दिई

२०८२/०७/२२

मनोनयन गर्नु पर्ने र त्यस्तो नभएमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको,

६. उल्लिखित भए बमोजिम २ जना मनोनयन गर्न नसकिएमा कुनै एक जना समाजसेवी वा बाल मनोविज्ञको लागि मनोनयन गर्न सकिने ।

२. शर्तहरु

(क) तालीम लिए पश्चात स्थानीय तहमा सूचिकृत भई समाजसेवी वा बाल मनोविज्ञको पदमा अनिवार्य कामगर्ने प्रतिबद्धता गरेको (लिखित रुपमा प्रतिबद्धता पत्र पेश गरेको हुनु पर्ने),

(ख) तालीम बीचमा छोड्न नपाइने,

(ग) सम्बन्धित स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नु पर्ने,

(घ) १६९६ घण्टाको मोड्युलर तालीम अन्तर्गत तीन महिना १० दिनको तालीममध्ये सैदान्तिक तालीम कम्तीमा ३२ दिन प्रदेश स्तरमा सञ्चालन हुने र त्यसको सैद्धान्तिक प्रशिक्षण पश्चात कम्तीमा ६० दिनको प्रयोगात्मक तालीम सम्बन्धित स्थानीय तहमा गई सो सम्बन्धी काम गर्नुपर्ने। सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा सफल भए पश्चातमात्र प्रमाणपत्र प्राप्त हुने।

(ङ) तालीम लिए पश्चात रोजगारीको लागि तालीम प्रदायकको भूमिका नहुने।

३. सेवा तथा सुविधा

(क) तालीम निःशुल्क रुपमा प्रदान गरिने।

(ख) सैद्धान्तक प्रशिक्षणको ३२ दिन र परीक्षा सञ्चालन हने १० दिन गरी ४२ दिन तालीम अवधिमा बास र खानाको लागि दैनिक रु. १२००/ र दिउँसोको खाजा उपलव्ध हुने।

(ग) तालीममा सहभागी हुने प्रशिक्षार्थीलाई तालीम प्रयोजनको लागि यात्राको क्रममा दैनिक खाना तथा बास खर्च वापत दैनिक रु. १२००/ र आउने जाने दिनको सार्वजनिक बसको लागेको यातायात खर्च उपलव्ध हुने।

(घ) सम्बन्धित स्थानीय तहमा ६० दिन गरिने प्रयोगात्मक तालीमका लागि स्वयम् प्रशिक्षार्थीले नै लाग्ने सम्पूर्ण खर्च व्यवस्थापन गर्नु पर्ने (यस अवधिमा खाना तथा बस्ने वापतको भत्ता र यातायात वापतको खर्च उपलब्ध नहुने)।

४. तालीम अवधि (परीक्षा बाहेकको ९० दिन)

(क) सैद्धान्तिक प्रशिक्षण एक महिना (३२ दिन),

(ख) सम्बन्धित स्थानीय तहमा गएर गर्नु पर्ने प्रयोगात्मक कार्यहरु दुई महिना (६० दिन),

(ग) सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षक प्रशिक्षण पश्चात परीक्षा अवधि १० दिन।

2080/8/22